# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## पैगम्बर मोहम्मद जन्म जयन्तीको शुभकामना

पैगम्बर मोहम्मद जयन्ती (ईद-मिलाद-उन-नबी) को पवित्र अवसरमा सम्पूर्ण मुस्लिम समुदाय तथा समग्र मानवलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । यो दिन ईस्लाम धर्मका संस्थापक पैगम्बर हजरत मोहम्मद सल्ललाहु अलैही वसल्लमको जन्मको सम्झनामा हर्षोल्लासपूर्वक मनाईन्छ । पैगम्बर मोहम्मदको जीवन र शिक्षाले मुस्लिम समुदायलाई मात्र होईन, सम्पूर्ण मानवलाई शान्ति, सहिष्णुता, दया र मानवताको मार्गमा अघि बढ्न प्रेरित गरेको छ । उहाँले दिएको सन्देशले सबैलाई एकअर्काप्रति आदर र सद्भाव राख्न प्रोत्साहन गर्दछ । मानव जीवनमा आउने कठीनाई र चुनौती सामना गर्दा धैर्य र संयमको अभ्यास गर्नुपर्ने उहाँको जीवनले सिकाउँदछ ।

नेपाल विभिन्न धर्म, संस्कृति र समुदायको साझा फुलबारी हो । उहाँले दिएको शिक्षा र मार्गदर्शनले मानवलाई शान्ति, भातृत्व र न्यायको मुल्य मान्यतामा आधारित समाजको निर्माण गर्न प्रोत्साहन गर्दछ । उहाँले देखाउनु भएको सहिष्णुता र दयाको मार्गलाई अंगाल्दै समाजमा शान्ति, स्थायित्व र सद्भाव कायम राख्दै आफ्नो जीवनलाई सकारात्मक रुपमा अघि बढाउन, समाजमा मेलमिलाप र एक अर्काप्रति दयालु बन्न प्रयास

गर्नुपर्दछ । उहाँको "आफ्नो लागी जे चाहन्छौ, अरुका लागी पनि त्यहि चाह" भन्ने आदर्शबाट समाजलाई आपसी सद्भाव र भाईचाराको सुत्रमा बाँध्न प्रेरित गदर्छ ।

यो विशेष दिनले हामीलाई आत्मनिरीक्षण गर्ने र पैगम्बर मोहम्मदको शिक्षालाई व्यवहारमा उतार्न, समाजमा फैलिएको घृणा, अन्याय र विभाजनलाई अन्त्य गर्नका लागी एकजुट हुन प्रेरित गर्दछ ।

अन्त्यमा, पैगम्बर मोहम्मदको जन्मजयन्तीको यो पवित्र अवसरले सबैको जीवनमा शान्ति, खुशी र समृद्धि ल्याओस भन्ने कामना गर्दछु । यो दिनले हामीलाई प्रेम, करुणा र भाईचारा फैलाउन प्रेरित गरोस् र संसारमा शान्ति र एकताको भावना सुदृढ बनोस् सबैमा शुभकामना ।

**२०८२ साल भाद्र २० गते, शुक्रबार**
**ने. सं. ११४५ यंलाथ्व, त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**